# ललितपुर महानगरपालिका

यल महानगरपालिका

# स्थानीय राजपत्र

ललितपुर महानगरपालिकाद्वारा प्रकाशित

वर्ष १, अतिरिक्ताङ्क ६, ल.पु.म.न.पा., स्थानीय राजपत्र, भाग-२, मिति २०७५/१०/१२

## भाग-२

### ललितपुर महानगरपालिका

### सार्वजनिक घरपालुवा जनावरहरुको व्यवस्थापन सम्बन्धी निर्देशिका २०७५

**प्रस्तावनाः** ललितपुर महानगरलाई स्वच्छ सफा सहर बनाउने उद्देश्यले सडकमा छाडा छोडेका पशुहरुको कारण दुर्घटना बढी रहेको सन्दर्भमा उक्त कार्यलाई न्यूनीकरण गर्ने उद्देश्यले ललितपुर महानगरपालिकाको प्रशासकीय कार्य विधि नियमित गर्ने ऐन

**८. पुरस्कार सम्वन्धि व्यवस्था:**

(क) कसैले छाडी छोडिएका चौपायहरुको घरधनि पत्ता लगाई वडामा जानकारी गराएमा उक्त चौपायधनिलाई भएको जरीवानाको २५ प्रतिशतसम्म उजुरी वालालाई दिने ।

(ख) छाडा चौपाय पाल्ने गौशालाहरुलाई उक्त चौपाय ढुवानी गर्दा लाग्ने खर्चको २५ प्रतिशत रकम उपलब्ध गराउने

**९. विविध :** नेपाल सरकारको स्वीकृति बेगर घर पालुवाको रुपमा बन्य जन्तु पालेको पाईएमा उक्त बन्यजन्तु जफत गरी राष्ट्रिय चिडिया घरमा बुझाउनु पर्नेछ ।

| प्रमाणीकरण मिति | **आज्ञाले** |
|---|---|
| २०७५/१०/१२ | हरि प्रसाद दाहाल<br>प्रमुख प्रशासकीय अधिकृत |





पर्नेछ । त्यसका लागि महानगरपालिकाले प्राविधिक सहयोग मात्र उपलब्ध गराउनेछ ।

**४. घर पालुवा कुकुर सम्बन्धी व्यवस्था**

(क) घर पालुवा कुकुरलाई महानगरपालिकाको सम्बन्धित वडामा दर्ता गराउनु पर्नेछ ।

(ख) कसैले पनि दर्ता नगराई कुकुर पाल्न पाउने छैन,

(ग) कुकुर धनिले आफूले पालेको कुकुरलाई सडक, चोक, पेटी लगायत घरबाहिर खुल्ला स्थानमा दिशा, पिसाब गर्नु गराउनु हुदैन,

(घ) कसैले त्यसरी गरे गराएको पाईएमा पहिलो पटक रु. ५००/- दोश्रो पटक देखि पटकै पिच्छे १०००/- का दरले जरीवाना लिई पटकै पिच्छे वारेन्ट चिट दिने र धैरै पटक भयो भने पक्रेर ल्याई Class लिन लगाउने ।

ङ) कार्यविधि लागु भएको मितिले एक महिना भित्र आफुले पालेका कुकुरहरुको अभिलेखिकरण सम्वन्धित वडामा गराउनु पर्नेछ ।

**५. सार्वजनिक सडकमा चौपाय छोडे/छोडाएको पाईएमा सो को व्यवस्थापन:**

(क) यदी कसैले परम्परागत रुपमा देवस्थलमा छोडिएका चौपाय बाहेक आफूले पालेका चौपायहरु छाडा छोडेको पाईएमा उक्त चौपायलाई नियन्त्रणमा लिई महानगरपालिकाले तोकेको स्थानमा राखीने छ ।

(ख) त्यसरी नियन्त्रणमा लिएका पशुहरुलाई सुरक्षित राख्न म.न.पा.ले कान्जीहाउसको व्यवस्था गर्ने वा निजी क्षेत्रको सहकार्यमा अन्य तरिकावाट व्यवस्थापन गर्न सक्नेछ ।

(ग) नियन्त्रणमा लिएको ५ दिन भित्र कुनै व्यक्ति आफ्नो चौपाय हो भनि लिन आएमा चौपायको मूल्य कायम गरी १० प्रतिशत जरीवाना गरी फिर्ता दिन सकिनेछ ।

(घ) यदि ५ दिन भित्र पनि लिन नआएमा सो को भोलि पल्ट सम्बन्धित वडा वा कान्जी हाउसले नै सार्वजनिक सूचना गरी पाल्न इच्छुक चौपाय व्यवसायीलाई दिने तथा लिलाम प्रकृया समेत अगाडी वढाउन सक्नेछ ।

(ङ) नियन्त्रणमा लिएका चौपायलाई उचित आहार दाना पानीको व्यवस्था गर्ने गराउने व्यवस्था महानगरपालिकाले नीजि क्षेत्र समेतको सहकार्यमा गर्ने गराउनेछ । ५ दिन भन्दा पछि लिलाम प्रक्रिया शुरु हुन भन्दा अगावै घर धनि चौपायको दावी गर्न आएमा त्यहाँ स्याहार सुसार र ढुवानीमा भएको खर्च तिर्न वुझाउन मन्जुर गरेमा मात्र पटके जनाई उक्त चौपाय दिन सकिनेछ ।

**६. नीजि/सार्वजनिक संस्था मार्फत सार्वजनिक चौपायहरुको व्यवस्थापनः**

(क) यसरी छोडिएका चौपायहरुको पालन पोषण गर्ने भनि कुनै संघ संस्था वा गौशलाहरुले माग गरेका त्यस्ता संस्थालाई प्राथमिकता साथ दिन सकिनेछ ।

(ख) संस्थाको प्रस्तावको आधारमा संस्थालाई उपलव्ध गराउने विषयमा सम्बन्धित वडा समिति वा महानगरपालिकाले निर्णय गर्न सक्नेछ ।





ग) महानगरपालिका क्षेत्रमा छोडीएको/छाडीएका सार्वजनिक चौपायहरुको व्यवस्थापनका लागि नीजी क्षेत्रहरु संग प्रस्ताव आव्हान गर्न सक्नेछ । नियमानुसार प्राप्त प्रस्तावहरु छानविन गरी उपयुक्त प्रस्ताव दाताको प्रस्ताव स्वीकृति गरि नीजलाई व्यवस्थापनको जिम्मा दिन सकिनेछ ।

(ग) कुनै व्यक्तिले त्यस्ता चौपायहरु पाल्ने प्रयोजनका लागि माग गरेको अवस्थामा सम्वन्धित वडावाटै विवरण राखी माग गर्ने व्यक्तिको स्थायी ठेगानाको स्थानीय तहवाट पाल्न चाहेको व्यहोरा खुलाई सिफारीस सहित आएमा सोको आधारमा सम्वन्धित वडावाटै निर्णय गरि दिने सक्नेछ ।

**७. सार्वजनिक घरपालुवा जनावरहरु छोडे/छोडाएको पाइएकमा हुने दण्ड सजाय सम्वन्धि व्यवस्थाः**

यसरी छाडा छोडिएका चौपाय/पन्छीहरु फेला परेमा चौपायको संख्याका आधारमा पटके जरीवाना तोक्ने ।

(क) पहिलो पटक भए रु. ५००/-

(ख) दोश्रो पटक भए रु. १०००/-

(ग) तेश्रो पटकदेखि पटकै पिच्छे रु. ५०००/- र उक्त पशुले क्षति पुऱ्याएको रहेछ भने क्षति पूर्ति समेत असुल उपर गर्ने गराउने ।

२०७५ को दफा ४ को अधिकार प्रयोग गरी नगर कार्यपालिकाबाट निर्देशिका पारित गरी लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(क) यस निर्देशिकाको नाम "सार्वजनिक घरपालुवा जनावरहरुको व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७५" रहेको छ ।

(ख) यो निर्देशिका ललितपुर कार्यपालिकावाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) सार्वजनिक पशु भन्नाले - सडकमा जथाभावी छाडिएका घरपालुवा चौपायलाई जनाउँछ ।

(ख) घर पालुवा चौपाय भन्नाले - गाई, गोरु, बाच्छा, बाच्छी, भैंसी, राँगा, कुकुर, बिरालो, बाखा, बोका, घोडा, गधा, हाँस, कुखुरा, सुँगुर, बँगुर आदिलाई सम्झनु पर्छ ।

**३. महानगरपालिका क्षेत्रमा निम्नानुसारका कार्य गर्न निषेध गर्ने :**

(क) कसैले पनि आफ्नो घरमा पालेका चौपाय/पन्छीहरु जथाभावी छोड्न हुदैन ।

(ख) नियमित चरनमा लैजाने बाहेक सार्वजनिक सडकमा सवारी आवागमनलाई अवरोध हुने गरी घरपालुवा चौपाय छोड्न र छोड्न लगाउन हुदैन ।

(ग) घरधनिले घरपालुवा चौपायहरुको अध्यावधिक अभिलेखका लागि माइको चिपिङ्ग नगरपालिकाबाट अनिवार्य गराउनु